# फतुवा विजयपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लक्ष्मीनिया (दो.), रौतहट
प्रदेश नं. २ नेपाल

### उद्यम विकास सहजकर्ता करारमा पदपूर्ति सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति: २०७७/०८/१८)

फतुवा विजयपुर नगर कार्यपालिकाको कार्यालय लक्ष्मीनिया (दो.) रौतहट प्रदेश नं. २ नेपाल

यस फतुवा विजयपुर नगरपालिकामा सञ्चालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम आ.व २०७७/०७८ को गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५ बमोजिम आवश्यक उद्यम विकास सहजकर्ता करारमा पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७(सात) दिनभित्र आवश्यक कागजातहरु र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १. | २/२०७७/७८ | उद्यम विकास सहजकर्ता (Enterprise Development Facilitator) | २ |

१. आवश्यक न्यूनतम् योग्यता र अनुभवः
   (क) योग्यताः प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको ।
   (ख) कम्तीमा तीन महिने आधारभूत कम्प्युटर सीपतालिम लिएको,
   (ग) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा काम गरेको कमतिमा दुइ बर्षको अनुभव भएको,
२. दरखास्त दिने स्थानः फतुवा विजयपुर नगरपालिकाको कार्यालय लक्ष्मीनिया(दो.), रौतहट
३. दरखास्त दिने अन्तिम मितिः २०७७/०८/२४ गते भित्र
४. आवेदनको दस्तुरः रु. १०००.०० ( अक्षेरुपी - एक हजार मात्र )
५. छनौटको किसिमःलिखित र अन्तरवार्तापरीक्षा
६. आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरको प्रतिलिपि
   - नेपाली नागरिकता
   - न्यूनतम् योग्यताको लब्धांक प्रमाणपत्र
   - चारित्रिक प्रमाण पत्र
   - अनुभव खुल्ने कागजात
   - पासपोर्ट साईजको फोटो २ प्रति
७. सेवा सुविधाः नियमानुसार
८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची १ बमोजिम हुनेछ ।

नोटः आवेदन फारम www.phatuwabijaypurmun.gov.npबाट डाउनलोड गर्न सकिन्छ । साथै उद्यम विकास सहजकर्ताको कार्य विवरण लगायत अन्य जानकारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा उपलब्ध छ ।

प्रमोद कुमार गुप्ता
नि. प्रमुख प्रशासकीय अधिकृत